# प्रदेश सरकार
# प्रदेश नं ५
# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
# वुटवल, नेपाल

सचिव बैठक न : १५
मिति : २०७५।८।२

**उपस्थिति**

| | | |
|---|---|---|
| डा. तीर्थराज ढकाल | प्रमुख सचिव | प्रदेश नं ५ |
| श्री भरत मणि रिजाल | सचिव | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| श्री थानेश्वर गौतम | सचिव | आर्थिक मामिला तथा योजना मन्त्रालय |
| श्री धनन्जय पौडेल | सचिव | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय |
| श्री सनत कुमार दवाडी | सचिव | प्रदेश प्रमुखको कार्यालय |
| श्री यामनारायण देवकोटा | सचिव | भूमिव्यवस्था, कृषि तथा सहकारी मन्त्रालय |
| श्री रामचन्द्र दंगाल | सचिव | भौतिक पूर्वाधार विकास मन्त्रालय |
| श्री कृष्ण ज्ञवाली | सचिव | सामाजिक विकास मन्त्रालय |
| श्री मधु ज्ञवाली | नि.सचिव | आन्तरिक मामिला तथा कानून मन्त्रालय |

**आमन्त्रित**

| | | |
|---|---|---|
| श्री यमकान्त पाण्डेय | उपसचिव | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| श्री ज्ञानहरि घिमिरे | उपसचिव | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |

१. **चौमासिक प्रगति समिक्षा सम्वन्धमा :**

क. चालू आ.व. २०७५/७६ को प्रथम चौमासिक अवधिमा भएको कार्यप्रगति बैठकमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट तयार गरी प्रेषित ढाँचाबमोजिम प्रस्तुती तयार गरी मन्त्रालयको सचिवबाट प्रस्तुती गर्ने ।

२. **कानून निर्माण सम्वन्धमा** :

क. सबै मन्त्रालयहरुले सैद्धान्तिक स्वीकृती प्राप्त भइसकेका विधेयकहरुको प्राथमिकता निर्धारण गरी मस्यौदा तयार गर्ने ।बजार अनुगमन, यातायात व्यवस्था, पर्यटन, खाद्य

गुणस्तर नियन्त्रण, सहकारी व्यवस्थापन तथा नियमन, तथ्याङ्क व्यवस्था र सामाजिक सेवा तथा सुरक्षा जस्ता विषयका कानूनलाई प्राथमिकतामा राख्ने ।

३. संगठन तथा जनशक्ति व्यवस्थापन :

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट माग भएबमोजिम मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट अनुरोध गरी पठाईएको कर्मचारी पदपूर्तिसम्वन्धी मागआकृति फारम भर्ने क्रममा देहायबमोजिम गर्ने :

क. पदगत दरवन्दी बमोजिम कुन पदमा कति कर्मचारी कार्यरत रहेको र कति रिक्त रहेको खुलाइ लेख्ने ।

ख. नेपाल सरकारका मन्त्रालयहरुबाट यस प्रदेशमा कामकाज गर्नेगरी खटाइएका र कार्यालय खारेजमा परी फाजिलमा परेका कर्मचारीहरुको विवरण छुट्टाछुट्टै महलमा खुलाई लेख्ने ।

४. योजना तर्जुमा :

क. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट प्रदेशको प्रथम आवधिक योजना निर्माण क्रममा तयार गरिएको मस्यौदा आधारपत्र उपर सरोकारवालाको राय संकलनका लागि यही मंसिर ६ देखि २४ सम्म जिल्लागत अन्तरक्रिया आयोजना गरिएको छ । ती कार्यक्रममा पठाउनका निमित्त योजना तर्जुमासम्वन्धी विभिन्न कार्यदलहरुमा रहेका केही अधिकृतहरुलाई समेत खटाई पठाउने कार्यक्रम रहेकाले त्यसरी खटाउन अनुरोध गरिएका कर्मचारीहरुलाई मन्त्रालयहरुले यथाशीघ्र खटाइदिने ।साथै, सो क्रममा जिल्ला भ्रमणमा जान आउनका लागि माग गरिने आवश्यक सवारी साधन समेत मन्त्रालयले उपलब्ध गराउने ।

प्रमुख सचिव